स्थानीय पाठ्यक्रममा आधारित

# हाम्रो भानु

## कक्षा २




भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**प्रकाशक**
भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
फुस्रेटार, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**प्रकाशन**
पहिलो संस्करण, वि.सं. २०८० असार

**सल्लाहकारहरू**

श्री आनन्द राज त्रिपाठी, नगर प्रमुख
श्री उमा गोतामे, नगर उप-प्रमुख
श्री दिवाकर पौडेल, प्रमुख प्रशासकीय अधिकृत

**पाठ्यसामग्री खोज तथा लेखन**
संजीवनी योञ्जन श्रेष्ठ
सुभास चन्द्र खरेल
राजेश्वर रिजाल
प्रकाश किरण जंग थापा

**विषयवस्तु सम्पादन**
ध्रुवराज पौडेल

**प्राविधिक सहकार्य**
वन्यजन्तु संरक्षण संघ नेपाल (Wildlife Conservation Nepal)

**फोटो तथा चित्र**
वन्यजन्तु संरक्षण संघ नेपाल, सुभास चन्द्र खरेल, राजेश्वर रिजाल,
भानु नगरपालिकाको वेभसाइट (www.bhanumun.gov.np), Google site.

**सर्वाधिकार**
भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**लेआउट डिजाइन**
धर्मेन्द्र रत्न तुलाधर, ९८५१०४५४९५
**मुद्रणः** सुरज प्रिन्टिंग प्रेस, काठमाडौं

# प्राक्कथन

विद्यालय स्तरीय पाठ्यक्रमले आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रम तथा सो बमोजिम पाठ्यपुस्तक निर्माण गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय परिवेश, रहनसहन,भाषा संस्कृति मौलिक परम्परा प्राकृतिक स्रोत, धार्मिक तथा साँस्कृतिक पक्षहरुको पहिचान गरी त्यसको महत्वलाई उजागर गरेर मात्र बालबालिकाहरुमा शिक्षाको उद्देश्य पूरा गराउन सकिन्छ । आजको २१औं शताब्दीमा विद्यार्थीहरूले विश्व परिवेशमा भएका विषयवस्तुहरूको जानकारीसँगै स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक छ । तसर्थ यस भानु नगरपालिकाको स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समेटेर आधारभूत तहमा स्थानीय विषयको पाठ्यक्रम 'हाम्रो भानु' कक्षा १-८ निर्माण गरी त्यसैका आधारमा पाठ्यपुस्तक हाम्रो भानु कक्षा २ प्रकाशन गरी कार्यान( वयनमा आएकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

नेपालको ऐतिहासिक साहित्यिक व्यक्तित्व, राष्ट्रिय विभुति एवं आदिकवि भानुभक्त आचार्यको जन्मथलो, प्राकृतिक सुन्दरता बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक हिसाबले पनि अत्यन्त धनी रहेको यस नगरपालिकाको पहिचानलाई मनन् गर्दै स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारबाला निकायहरूसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई विद्यालयको आधारभूत तहदेखि नै बालबालिकाहरुमा बोध गाई आफ्नो मातृभूमि र स्थानीय विषयवस्तुलाई शैक्षिक कार्यक्रममा समाहित गराउनका लागि गरिएको प्रयास उदाहरणीय रहेको छ। यस पाठ्यपुस्तकले कक्षा २ मा अध्ययनरत विद्यार्थी लगायत स्थानीय समुदायलाई समेत आफ्नो भौगोलिक धरातल, प्राकृतिक, ऐतिहासिक,धार्मिक, साँस्कृतिक, तथा भाषिक सम्पदाहरूको चिनारी दिन सक्नेछन् । यसका साथै स्थानीय सम्पदाहरूको, संरक्षण र संबर्द्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरूलाई न्यूनीकरण गर्न यस पाठ्यपुस्तकले सहयोग गर्नेछ भन्ने मैले विश्वास लिएको छु । स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत( वलाई बुझ्ेर यस पाठ्यपुस्तकमा महत्वपूर्ण विषय क्षेत्रहरू समावेश गरिएका छन् । यस पाठ्यपुस्तकको लेखन तथा सम्पादनमा संयोजन एवं सहजीकरण गर्नुहुने नगर शिक्षा अधिकारी लगायत पाठ्यपुस्तकको विषयवस्तु खोज, लेखन तथा सम्पादनमा प्राविधिक सहयोग गर्नुहुने वन्यजन्तु संरक्षण संघ नेपाल, स्थानीय प्रधानाध्यापक एवं शिक्षक वर्ग तथा सम्बद्ध महानुभावह( रुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस पाठ्यपुस्तकमा कुनै कमी कमजोरी रहन गएमा यहाँहरूको अमूल्य सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्दै आगामी दिनमा यस्ता रचनात्मक सुझावहरुलाई समेटेर आवश्यक संशोधन एवं परिमार्जन गर्दै लगिने व्यहोरा समेत अवगत गराउँदै यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्दछु । धन्यवाद ।

आनन्दराज त्रिपाठी
नगर प्रमुख
भानु नगरपालिका, तनहुँ

# पुस्तक प्रयोगका सम्बन्धमा हाम्रो अनुरोध

पाठ्यक्रमले शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्नका लागि मार्गदर्शन गरेको हुन्छ । यसले बालमनोविज्ञानका आधारमा विद्यालय भित्र र बाहिर हुने सबै क्रियाकलापहरुलाई समेटेको हुन्छ । यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश सामाजिक आवश्यकता र मागलाई समेत सम्बोधन गरेको हुन्छ। तसर्थ एकपटक बनाएको पाठ्यक्रमले सबैको आवश्यकता र मागलाई सधैं सम्बोधन गर्न नसक्ने हुनाले विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम समय समयमा परिमार्जन तथा परिवर्तन पनि भैरहन्छ। हाल नेपालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम विद्यालय तहमा कक्षा १ देखि १२ सम्मका नयाँ पाठ्यक्रमहरु कार्यान्वयन भैरहेका छन् । भानु नगरपालिकाले पनि आधारभूत तह (कक्षा १-८) मा नयाँ एकीकृत पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि लागु गरेको छ। जसमा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रममा साप्ताहिक ५ पाठ्यघण्टा (वार्षिक १६० कार्यघण्टा) बराबरको स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको छ । यसैगरी कक्षा ४ र ५ मा साप्ताहिक ४ पाठ्यघण्टा (वार्षिक १२८ कार्यघण्टा) बराबरको स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको छ । यसैगरी कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा पनि मातृभाषा वा संस्कृत वा स्थानीय विषयको रुपमा साप्ताहिक ४ पाठ्यघण्टा (वार्षिक १२८ कार्यघण्टा) बराबरको स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको छ ।

भानु नगरपालिकाले लागु गरेको आधारभूत तहको स्थानीय पाठ्यक्रम बमोजिम पहिलो पटक यो पाठ्यपुस्तक तयार गरिएको हो । केन्द्रीय तहको पाठ्यक्रमले नसमेटेका विषयवस्तुहरुलाई स्थानीय पाठ्यक्रमले सम्बोधन गर्नुपर्ने नीतिगत व्यवस्था छ । यसै तथ्यलाई मध्यनजर गरी "हाम्रो भानु" कक्षा २ को यस पाठ्यपुस्तक निर्माण गर्दा तथा यसमा रहने विषयवस्तुको खोजी र संयोजन गर्दा भानु नगरपालिकाको स्थानीयता, यहाँको मौलिक विशेषता र पहिचानलाई अक्षुण्ण राख्दै नेपाल सरकारले जारी गरेको केन्द्रीय तहको एकीकृत पाठ्यक्रमको ढाँचाबमोजिम बालबालिकाको मनोविज्ञान, उमेर, रुची, तह, आश्यकता, कठिनाइस्तर र पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमताहरुलाई पुरा गराउने उद्देश्यबाट अभिप्रेरित रहेको छ । हामीले वर्तमान परिवेश, बाल चाहना र विषयवस्तुको सार्दर्भिकतालाई मनन गरी रंगीन पुस्तकको रुपमा विकास गर्ने प्रयास

गरेका छौं । स्थानीय पाठ्यपुस्तक पहिलो पटक निर्माण गरिएको हुँदा निर्माण तथा मोडरेशन  टोलीले सतर्कता अपनाउदा अपनाउदै कतिपय कमि कमजोरी हुन सक्छन् । यसलाई शिक्षक विद्यार्थी तथा सम्बद्ध पाठक वर्गले सकारात्मक सोचका साथ रचनात्मक सुझाव एवं पृष्ठपोषण दिनुहुनेछ भन्ने विश्वास लिएका छौं ।

विषयवस्तुको खोज, लेखन, संयोजन तथा विन्यास गर्दा कतिपय क्षेत्रका प्रतिनिधिमूलक स्थान, पात्र, घटना, संस्कृति, चाडपर्व, भेषभुषा, ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल र विभिन्न  गतिविधिहरुका वारेमा व्याख्या र विश्लेषण गर्ने क्रममा कुनै पक्ष छुटेका हुन सक्छन् । यसका लागि शिक्षकहरुले शिक्षण निर्देशनको अध्ययन र मनन गरी यस्ता प्रतिनिधिमूलक स्थान र यसै बमोजिम आ-आफ्नो स्थानीय स्तरमा रहेका सोही प्रकृतिका विषयवस्तुका बारेमा खोज, अध्ययन, अनुसन्धान, अवलोकन भ्रमण तथा सम्बद्ध व्यक्ति वा पदाधिकारीहरु र सरोकारबालाहरुसँग छलफल र परामर्श गरी बालबालिकाहरुलाई त्यसका बारेमा यथार्थ जानकारी गराई शिक्षण गर्नुहुन अनुरोध गर्दछौं । त्यसैगरी कतिपय तथ्याङ्कसँग सम्बन्धित विषयहरु पनि यसमा प्रतिनिधिमूलक रुपमा मात्र दिइएका हुन सक्छन्, यो वर्तमान परिवेशमा नमिल्न पनि सक्छ किनकी तथ्याङ्क सधैंभरी एकनास हुँदैन, यो परिवर्तनशील हुन्छ। यस कुरालाई मनन गरी शिक्षकहरुले सोही बमोजिम हालको अवस्थालाई चित्रण गरी शिक्षण गर्नुपर्ने हुन्छ। यस पाठ्यपुस्तकको मूल मर्म भनेको बालबालिकाहरुलाई आफ्नो स्थानीय परिवेशसँग परिचित गराउने, आफ्नो माटो, भूगोल, मौलिक विशेषता, रहनसहन, भेषभुषा र बहुसंस्कृतिका बारेमा जानकार गराई यसमा गर्व गर्ने राष्ट्रवादी भावनाले ओतप्रोत सुयोग्य नागरिक तयार गर्नु हो । अन्तमा, पुस्तकको सफल र प्रभावकारी कार्यान्वयनका लागि आ-आफ्नो तर्फबाट सबैको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै आगामी दिनमा यसलाई अझ परिष्कृत र समय सान्दर्भिक बनाउनका लागि रचनात्मक सुझाव दिन हामी सबै शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद्, जनप्रतिनिधि, समाजसेवी, प्रबुद्ध वर्ग लगायत समस्त पाठक वृन्दमा हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

**भानु नगरपालिका**

शिक्षा, युवा तथा खेलकुद शाखा

# विषय सूची


| एकाइ | पाठको नाम | पेज नं. |
| --- | --- | --- |
| भानु नगरपालिकाको सामान्य परिचय | १. क्षितिजको वडा | १ |
| | २. मेरा साथीहरु | ७ |
| | ३. सेवामुलक संस्थाहरु | १३ |
| भानु नगरपालिकाका ऐतिहासिक व्याक्तित्वहरु | १. आदिकवि भानुभक्त आचार्य | २० |
| स्थानीय कला र संस्कृति | १. हाम्रा चाडपर्वहरु | २७ |
| | २. लोक बाजामा नाचौं र गाऔं | ३३ |
| स्थानीय पर्यटन | १. हाम्रा धार्मिक र ऐतिहासिक स्थलहरु | ४० |
| | २. हाम्रा सार्वजनिक ठाउँहरु | ४६ |
| स्थानीय कृषि व्यवसाय | १. हामीले खाने फलफुल तथा तरकारीहरु | ५१ |
| | २. हाम्रा कृषि औजारहरु | ५७ |
| स्थानीय पेशा, व्यवसाय र प्रविधि | १. हाम्रा पेशा र व्यवसायहरु | ६३ |
| स्थानीय प्राकृतिक सम्पदा र वातावरण संरक्षण | १. स्थानीय वन्यजन्तु | ६९ |
| | २. स्थानीय बोटबिरुवा | ७४ |
| | ३. हाम्रा सार्वजनिक सम्पदा | ७९ |
| स्थानीय खेलहरु | १. हाम्रा खेलहरु | ८४ |
| प्रकोप तथा विपद व्यवस्थापन | १. प्रकोप तथा विपद् व्यवस्थापन | ८९ |
| | २. वन्यजन्तुको आक्रमणबाट बचौं | ९४ |
| शहरी विकास, प्रदूषण र फोहोर व्यवस्थापन | १. सरसफाई र फोहोर व्यवस्थापन | १०० |
| हाम्रो नैतिक मुल्य, मान्यता र आचरण | १. असल बानी | १०७ |

# पाठ-१: क्षितिजको वडा

साथीहरु, आज हामी क्षितिजलाई भेट्ने है त । क्षितिज भानु नगरपालिकाको वडा नम्बर ७ बसन्तपुरमा बस्छन् ।







आज उनी र उनको बुबा भानु नगर पालिकाको वडा नम्वर सातमा रहेको बसन्तपुरको वडा कार्यालयमा जाँदैछन् ।



उनीहरु के कामले गएका होलान् ? यस बारेमा क्षितिजले साथीहरुलाई बताउन गईरहेका छन् ।

क्षितिजः नमस्ते साथीहरु, आज म मेरो बुवासँग मेरो वडा कार्यालय जाँदैछु। मेरो वडा कार्यालय बसन्तपुर भन्ने ठाउँमा छ ।

मेरो वडाको वडा कार्यालय श्री पुर्कोट माध्यमिक विद्यालयबाट नजिकै छ। यो बगैंचा र तारा गाऊँ भन्ने गाँउको बाटो हुँदै जाने हो । आज हाम्रो वडाले कृषि औजारहरु कृषकहरुलाई बाँड्दैछ । म र मेरो बुवा त्यहि औजारहरु लिन जादैछौं ।



आज बुबाले मलाई हाम्रो वडाको बारेमा केहि जानकारी दिन्छु भन्नुभएको छ ।




बुवाः क्षितिज तिमीलाई थाहा छ ? हाम्रो नगर पालिकामा कति वटा वडा छन् भनेर ?

क्षितिज : थाहा छ, बुवा हाम्रो नगरपालिकामा १३ वटा वडा छन् । तर मलाई वडाहरुको नाम चाहिँ थाहा छैन ।

बुवाः हाम्रो नगरपालिकामा १३ वटा वडा छन् ।




क्षितिज : बुवा वडा कार्यालयले के कस्तो कामहरु गर्छ ?

बुवाः वडा कार्यालयले धेरै कामहरु गर्छ । जस्तैः जन्म दर्ता, विवाह दर्ता नाता प्रमाणित, नागरिकताको सिफारिस र नागरिकताको प्रतिलिपि लिनको लागि सिफारिस आदि । त्यसैगरी वडा कार्यालयले हाम्रो ठाउँको

विकासका कामहरु पनि गर्छ। अनि वडाभित्र पनि बिभिन्न टोल बिकास संस्था पनि हुन्छन् ।

क्षितिजः धन्यवाद, बुवा मैले आज हजुरसँग धेरै कुरा बुझ्न पाएँ ।

बुवाः धन्यबाद ।

**शिक्षण निर्देशनः** **प्रत्येक विद्यार्थीहरुलाई आफु बस्ने टोलको नाम, आफ्नो वडाको नाम भन्न लगाउनुहोस् । वडा कार्यालयले गर्ने अन्य कामहरु बताईदिनुहोस् । विद्यालय नजिकको वडा कार्यालयको अवलोकन गराउनुहोस् ।**

## अभ्यास

**१. तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क. क्षितिज कुन वडामा बस्छन् ?

.....................................................................

ख. क्षितिजको वडा कार्यालय कहाँ छ ?

.....................................................................

ग. क्षितिज कोसँग आफ्नो वडा कार्यलय जाँदैछन् ?

.....................................................................

घ. भानु नगरपालिकामा कति वटा वडा छन् ?

.....................................................................

.....................................................................

**२. तल दिइएको खाली ठाउँ भर्नुहोस् ।**

क.तपाई कति नम्बर वडामा बस्नुहुन्छ ? तपाईँको वडा कार्यलय कहाँ छ ?

म..................वडामा बस्छु । मेरो................नं. वडाको वडा कार्यालय..........भन्ने ठाउँमा छ । यो.................. को नजिकै छ ।

**३. तलका शब्दहरु बीच जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| भानु नगरपालिकामा | वडा नं. ७ |
| क्षितिजको वडा नं | चोक चिसापानी |
| वडा नं. १० | १३ वटा वडा |
| भन्सार | वडा नं. १ |

**परियोजना कार्य**

आफू बस्ने टोलको चित्र बनाउनुहोस् र चित्रको तल आफ्नो वडाको बारेमा लेखेर आफ्नो साथीहरुमाझ देखाउनुहोस् ।

# पाठ-२ः मेरा साथीहरू



नमस्कार साथीहरु ! साथीहरु तपाईहरुलाई थाहा छ ? हाम्रो नेपालमा धेरै जातजातिहरु बस्छन नी ! हाम्रो भानु नगरपालिकामा पनि फरक-फरक जातजातिहरु छन्। आज म यो पाठमा हाम्रो समुदायमा बस्ने फरक-फरक जातजातिहरुको बारेमा कुरा गर्दैछु है !



म मेरै साथीहरुको बारेमा कुरा गर्छु है । मेरा साथीहरु हरी, रमिला, श्याम, मिना, फतिमाको भिन्न भिन्नै थर छ। उनीहरु ब्राम्हण,

क्षेत्री, मगर, तामाङ्ग, नेवार, मुस्लिम आदि समुदायका हुन् । मेरा साथीहरुको पनि आफ्नै भाषा छ । उनीहरुलाई आफ्नो आफ्नो घरमा आफ्नै भाषामा कुराकानी गर्छन् ।

साथीहरु हामी पनि अब आफ्नो-आफ्नो परिचय पालैपालो दिउँ है !

ज्वजलपा ! मेरो नाम ज्योत्स्ना श्रेष्ठ हो । म नेवारी समुदायको हुँ । ज्वजलपा भनेको नेवारी भाषामा नमस्ते हो ।

प्रणाम ! मेरो नाम रानी महतो हो । म मिथिला समुदायको हुँ र प्रणाम भनेको मैथिली भाषामा नमस्ते हो ।

फ्याफुल्ला ! मेरो नाम जेनी तामाङ्ग हो । म तामाङ्ग समुदायको हुँ । फ्याफुल्ला भनेको तामाङ्ग भाषामा नमस्ते हो । झोर्ले ! मेरो नाम भुमी मगर हो । म मगर समुदायको हुँ । झोर्ले भनेको मगर भाषामा नमस्ते हो ।



जातजाति अनुसार भाषा फरक भएजस्तै भेषभूषा पनि फरक फरक हुन्छ । तपाईको पनि

मिल्ने साथीहरु धेरै छन् होला । तपाईंलाई तपाईंको सबै मिल्ने साथीहरुको आफ्नो भाषामा कसरी नमस्ते भनिन्छ थाहा छ ? यदि छैन भने आज सोध्नुहोस् है ।

धन्यवाद, साथीहरु ।

**शिक्षण निर्देशन: सबै विद्यार्थीहरुलाई आफ्नो आफ्नो भाषामा पुरा परिचय (नाम, घर, कति कक्षामा पढ्ने) दिन लगाउनुहोस् ।**

## अभ्यास

**१. तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क. भानु नगरपालिकामा बस्ने कुनै तीन जातजातिको नाम लेख्नुहोस् ।

.............................................................................

.............................................................................

ख. मगरहरुले आफ्नो भाषामा कसरी नमस्ते भन्छन् ?

.............................................................................

.............................................................................

**२. तलका वाक्य पढेर ठीक भए (ठीक) र बेठीक भए (बेठीक) लेख्नुहोस् ।**

क. भानु नगरपालिकामा धेरै जातजातीहरु बस्छन् । (     )

ख. मिथिला समुदायमा नमस्तेलाई प्रणाम भनिन्छ । (     )

ग. तामाङ्ग समुदायमा ज्वजलपा भनेको नमस्ते हो । (   )

घ. भानु नगरपालिकामा मुस्लिम जातिको बसोबास छैन् । (   )

३. तपाईको कुनै पाँच जना साथीहरुलाई उनीहरुको भाषाको बारेमा सोध्नुहोस् र तल उक्त भाषाहरुको नाम लेख्नुहोस् ।

| |
|---|
| १. |
| २. |
| ३. |
| ४. |
| ५. |

**परियोजना कार्य**

तपाईंको कक्षामा कति जना विद्यार्थीहरु छन् ? सकेसम्म धेरै जनाको पुरा नाम लेख्नुहोस् । धेरै दोहोराएको उपनाम थरमा गोलो घेरा लगाउनुहोस् ।

| नाम | उपनाम/थर | समुदाय |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

आफ्नो शिक्षकको मद्दत लिएर कम्तिमा ३ वटा भाषाहरुमा "नमस्ते" कसरी भन्छन् लेख्नुहोस् । एउटा उदाहरण पनि दिईएको छ ।

| **भाषा** | **शब्द** |
|---|---|
| नेवारी | ज्वजलपा |
| | |
| | |
| | |
| | |

# पाठ-३ : सेवामुलक संस्थाहरू

नमस्कार साथीहरु, मेरो नाम सरस्वती गुरुङ्ग हो । म भानु नगरपालिकाको वडा नं. १२ मिर्लुङ्गमा बस्छु । आज म तपाईहरुलाई हाम्रो भानु नगरपालिकाको सेवामुलक संस्थाहरुको बारेमा केही कुराहरु भन्छु है त ।

सेवामुलक संस्था भनेको कुनै पनि किसिमको सेवा प्रदान गर्ने संस्था हो । भानु नगरपालिकामा धेरै सेवामुलक संस्थाहरु छन् ।

सर्वप्रथम हामी विद्यालयको कुरा गरौं है त । म भानु नगरपालिकाको श्री सरस्वती मन्दिर माध्यमिक विद्यालयको कक्षा २ मा पढ्छु । हाम्रो नगरपालिकामा धेरै विद्यालयहरु छन् । यिनीहरु विशेष गरी दुई किसिमका हुन्छन् । एक थरी भनेको सामुदायिक वा सरकारी विद्यालय र अर्को थरी निजी वा संस्थागत विद्यालय ।



यो फोटोमा देखाएको सरस्वती मन्दिर माध्यमिक विद्यालय घलेछाप हो । यो एक सामुदायिक विद्यालय हो ।





यो फोटोमा देखाइएको भानुको नगर अस्पताल हो । यसलाई पुरनडिहि नगर अस्पताल भनिन्छ। यहाँ नगर का मानिसहरु बिरामी भएको बेला उपचार गर्न जान्छन् ।

यो फोटोमा प्रहरी चौकी देखाइएको छ । प्रहरी चौकीहरू शहरी र गाउँ पालिकाको विभिन्न स्थानहरूमा स्थापित



हुन्छन् । प्रहरी चौकीले सार्वजनिक सुरक्षाको जिम्मेवारी लिएको हुन्छ ।

यो फोटोमा देखाइएको एक सहकारी संस्थाको भवन हो । यसको नाम समता कृषि सहकारी संस्था हो । सहकारी संस्था समुदायले चलाएको हुन्छ ।





यो फोटोमा देखाइएको आमा समुहको भवन हो । यसको नाम देउरालीमाई आमा समुह हो । यहाँ आमा समुहको भेला, छलफलहरु हुने गर्दछ ।



यो फोटोमा देखाइएको युवा क्लबको बोर्ड हो । युवा क्लबमा गाउँका युवाहरु भेला भएर विभिन्न सामाजिक कामहरु गर्ने गर्छन् ।

यो फोटोमा देखाएको टोल विकास संस्थाको बोर्ड हो ।



टोल विकास संस्थाले विकास र सुरक्षाको लागि टोलमा विभिन्न कार्यक्रम आयोजना गर्दछन् ।

म बस्ने समुदायमा बाटो, खोलानाला, वन पनि छन् । बाटोले एक ठाउँबाट अर्को ठाउँ जोड्छ । खोलानाला, वनले पनि हाम्रो ठाउँ सुन्दर बनाउन सहयोग गरिरहेका हुन्छन् ।

**शिक्षण निर्देशन:** विद्यार्थीहरुलाई आफ्नो टोल नजिक रहेका सेवामुलक संस्थाहरुको भ्रमण गराई तिनीहरुले गर्ने काम र महत्वबारे बताईदिनुहोस् । समुदायभित्र भएका नदी, खोला, बाटो आदिबारे पनि छलफल गराउनुहोस् ।

## अभ्यास

**१. तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क.सरस्वतीको विद्यालयको नाम के हो ?

.......................................................................

.......................................................................

ख. पाठमा कतिवटा सेवामुलक संस्थाहरु दिएको छ ?

.......................................................................

ग. तपाईको वस्ती कुन टोल बिकास संस्था भित्र पर्छ ?

.......................................................................

घ. तपाईलाई थाहा भएका कुनै तीनवटा सामाजिक संस्थाहरुको नाम लेख्नुहोस् ।

.......................................................................

.......................................................................

**२. ठीक भए ठीक र बेठीक भए बेठीक लेख्नुहोस् ।**

क. सरस्वतीको विद्यालयको नाम सरस्वती मन्दिर माध्यमिक विद्यालय हो । (    )

ख. विद्यालयहरु दुई किसिमका हुन्छन् । (    )

ग.सरस्वती मन्दिर माध्यमिक विद्यालय निजी विद्यालय हो । (    )

३. तलका शब्द र चित्रबीच जोडा मिलाउनुहोस् ।

आमा समुह




प्रहरी चौकी



टोल विकास संस्था



**परियोजना कार्य**

१. शिक्षकसँग सोधेर वा आफै भ्रमण गरेर आफ्नो विद्यालय नजिकै रहेको तीनवटा सेवामुलक संस्थाहरुको नाम लेख्नुहोस् ।

- 
- 
- 

२. तपाई बस्ने टोलले गर्ने कामहरुको बारेमा अविभावकलाई सोधेर लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ-१: आदिकवि भानुभक्त आचार्य




माथिको फोटोमा भएको व्यक्तिको नाम भानुभक्त आचार्य हो । उहाँको जन्म वि.स. १८७१ मा भएको थियो । उहाँ एक साहित्यिक व्यक्तित्व हुनुहुन्छ । उहाँको जन्म थलोको नाम चुँदीरम्घाको शिखर कटेरी हो । भानुभक्त आचार्यलाई नेपालको आदिकवि भनेर चिनिन्छ । उहाँ नेपालीमा कविता लेख्ने पहिलो कवि हुनुहुन्छ । त्यसैले उँहालाई आदिकवि भनिन्छ ।



उहाँको बुवाको नाम धनञ्जय आचार्य र आमाको नाम धर्मावती देवी आचार्य हो । उहाँको हजुरबाको नाम श्रीकृष्ण आचार्य हो ।

## भानुभक्त आचार्यको बाल्यकाल

आफ्ना हजुरबा श्रीकृष्ण आचार्यका औँला समाएर हिँड्न पाएकाले भानुभक्तले हजुरबा सानैदेखि धेरै कुरा सिकेका थिए । हजुरबुवाबाट भानुभक्तले पढ्न र लेख्न पनि सिके । उनी सानैमा नेपाली भाषा कवितामा बोल्थे, कवितामा गाउँथे र कवितामा नाच्थे । एक पटक एक जना बटुवाले उनको परिचय माग्दा उनले कवितामा नै जवाफ दिएका थिए । भानुभक्तले जति जाने आफ्ना हजुरबा श्रीकृष्ण आचार्यबाट जाने । किनभने उनको हजुरबा नेपाल देखि भारतसम्म जताजता गए पनि भानुभक्त पनि उनको हातको औंला समाउँदै सँगै जाने गर्दथे ।

## घाँसीसँगको भेट

एक दिन वनमा भानुभक्त कतै घुम्न जाँदा बाटो छेउको रुखका छहारीमा बसेका बेलामा यौटा घाँसी सित भानुभक्तको

भेट भएको थियो । घाँसीले दिनभरि घाँसकाटेको देखेपछि भानुभक्तले सोध्नुभयो, घाँसी तिमी यो घाँसले के गर्छौ ?

जवाफमा घाँसीले आफूले काटेको घाँस बेचेर नजिकै एउटा कुवा खनाएको बताए । घाँसी आफैं गरिब थिए, तैपनि उनको समाजसेवा आफैंमा उदाहरणीय पनि थियो । घाँसीले घाँसदाउरा गरेर आर्जन गरेको रकमले कुवा खनाएको जानकारी भानुभक्तलाई दिए । घाँसीको कुराले भानुभक्तको मन छोयो । अनि उहाँले घाँसीकै सम्झनामा कविता पनि लेख्नुभएको थियो ।



घाँसीकुवा

भानुभक्त आचार्यले धेरै राम्रा कविताहरु लेख्नु भएको थियो । प्रश्नोत्तर, भक्तमाला, वधु शिक्षा, रामायण आदिकवि भानुभक्तका कृतिहरु हुन् ।

आदिकवि भानुभक्त आचार्यको मृत्यु वि.स. १९२५ मा भएको थियो ।



**रामायण भवन**

**शिक्षण निर्देशन: विद्यार्थीहरुलाई आदिकवि भानुभक्तसँग सम्बन्धित विषयहरुका बारेमा स्थानीय जनाकारसँग छलफल गराउनुहोस् । भानुभक्तको जन्मस्थलको अवलोकन भ्रमण गराउनुहोस् । भानुभक्तको कुनै एक कविताको एक एक पंक्ति सबैलाई पढ्न सिकाउनुहोस र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । एक पंक्ति सबैलाई पढ्न सिकाउनुहोस् । कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।**

## अभ्यास

**१. तल  दिइएको वाक्यहरु ठीक भएमा ठीक र बेठीक भए बेठीक लेख्नुहोस् ।**

क. भानुभक्त आचार्यको जन्म काठमान्डौमा भएको थियो ।

ख. घाँसी कविता माधव प्रसाद घिमिरेले लेख्नुभएको हो ।

ग. भानुभक्त आचार्यको हजुरबाको नाम श्रीकृष्ण आचार्य हो ।

घ. भानुभक्त आचार्यलाई नेपालको आदिकवि भनेर चिनिन्छ ।

**२. तल  दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क. भानुभक्त आचार्यको जन्म कहिले भएको थियो ?

.......................................................................

.......................................................................

ख. भानुभक्त आचार्यको जन्म कहाँ भएको थियो ?

.......................................................................

.......................................................................

ग. भानुभक्त आचार्यको कृतिहरुको नाम लेख्नुहोस् ।

.......................................................................

.......................................................................

## परियोजना कार्य

**१. तल दिइएको घाँसी कविताको केहि अंशहरु कक्षामा पढेर साथीहरुलाई सुनाउनुहोस् ।**

भर् जन्म घाँस तिर मन् दिई धन कमायो ।

नाम क्यै रहोस् पछि भनेर कुवा खनायो ।

घाँसी दरिद्र घरको तर बुद्धि कस्तो ।

मो भानुभक्त धनी भैकन किन यस्तो ।

मेरा ईनार न त सत्तल पाटिकै छन् ।

जे धन चीजहरु छन् घर भित्रनै छन् ।

त्यस घाँसीले कसरी आज दिए छ अर्ति ।

धिक्कार हो म कन बस्नु न राखि किर्ति ।

२. शिक्षकको सहायतामा तपाईको वडामा भएमा ऐतिहासिक तथा साहित्यिक व्यक्तिहरुको सूची बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । यसका साथै तपाईको विद्यालयको संस्थापक व्यक्ति को हुनुहुन्थ्यो भन्ने बारेमा खोजी गरी उहाँको छोटो परिचय लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ-१: हाम्रा चाडपर्वहरू

## दशैँ



नमस्कार साथीहरु, मेरो नाम जमरा हो । तिमीले मलाई पक्कै पनि देखेको छौ होला । म हरे क वर्ष तपाईंहरु सबै जनाको घरघरमा आउँछु । कुन समयमा आउँछु तपाईलाई थाहा छ ? म सधैं दशैंको बेला तपाईहरुको घरघरमा आउँछु । दशैं नेपालीहरूको प्रमुख चाड हो । विजया दशमीको पहिलो दिन घटस्थापना हो । यसै दिन मलाई (जमरा) राखिन्छ । यसै दिनदेखि नवरात्री आरम्भ हुन्छ । नवरात्रीको दशौं दिनलाई विजया दशमी भनिन्छ ।

तपाईको आमा बुवाले घरको अँध्यारो कुनामा मेरो विउ रोप्नुहुन्छ र दशैंको टिका लगाउने दिन मलाई तयार पारेर तपाईको कान र टोपीमा राखिदिनुहुन्छ । त्यो दिन तपाईको निधारमा रातो टिका पनि हुन्छ। तपाई नयाँ लुगामा राम्रो भएर बसेको धेरै नै राम्रो देखिन्छ। दशैंको बेला धेरै नै रमाईलो हुन्छ ।

## तिहार



तिहार हिन्दुहरुको दसैँ पछिको ठूलो पर्व हो । यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले सुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीका सम्म (पाँच दिन) मनाइन्छ ।

दीपावलीको रूपमा यस पर्वलाई धूमधामका साथ दियो र झिलिमिली बत्ती बालेर मनाउने गरिन्छ ।

## तीज



तीज हिन्दू नारीहरूले मनाउने एउटा महत्वपूर्ण चाड हो । तीजमा भगवान शिवको आराधना गरिनुका साथै नाचगान मनोरञ्जन समेत गर्ने

गरिन्छ । यो चाडमा माइतीले (बाबुआमा, दाजुभाइ) छोरी/चेली लाई घरमा गई लिएर आउने वा बोलाएर मीठा-मीठा परिकार खुवाउने गरिन्छ ।

## बुद्ध जयन्ती



भवगान गौतम बुद्धको जन्म भएको दिनलाई बौद्ध धर्मावलम्बीहरुले बुद्ध जयन्तीका रुपमा मनाउँछन् । बौद्ध जगतमा बुद्धको जन्म, बुद्धत्व प्राप्ति र उहाँको उपदेशलाई ज्यादै महत्वपूर्ण मानिन्छ ।

## क्रिसमस




क्रिसमस विश्वभरका इसाई धर्म मान्नेहरुले जिसस क्राइस्टको जन्मदिनको उपलक्ष्यमा मनाइने पर्व हो । यो २५ डिसेम्बरमा पर्छ र यस दिन प्रभु जिसस क्राइस्टको सम्झना गरिन्छ ।

## ईद



ईद इस्लामिक पात्रो अनुसार मनाइने सबै भन्दा ठूलो पर्वम( ध्ये एक हो । ईद पर्व महिना दिनसम्म व्रत र प्रार्थना गरिने रमजान महिनाको अन्त्य संगै मनाइन्छ। हाम्रो नगरपालिकामा बसोबास गर्ने इस्लाम धर्म मान्ने मानिसहरुले पनि यो पर्व धुमधामसाथ मनाउँछन् ।

भानु नगरपालिकमा माथि बताइएका बाहेक पनि धेरै चाडपर्वहरु मनाउने गरिन्छ । जस्तैः होली, ल्होसार, माघे संक्रान्ति आदि ।

**शिक्षण निर्देशनः विद्यार्थीहरुलाई आफुले मान्ने धर्ममा कुन पर्व विशेष छ त्यसको बारेमा कक्षामा भन्न लगाउनुहोस् । विभिन्न धर्म अनुसारका स्थानीय चाडपर्वहरुको बारेमा बताईदिनुहोस् ।कुनै एक चाड मनाउने तरिका बारेको भिडियो देखाउनुहोस् ।**

## अभ्यास

**१. तल दिइएका वाक्यहरु ठीक भए ठीक र बेठीक भए बेठीक लेख्नुहोस् ।**

क. क्रिसमस वैशाख महिनामा मनाईन्छ ।

ख. दशैंको दिन महिलाहरुले मात्र टिका लगाउँदछन् ।

ग. दशैंको बेला टिका र जमरा लगाइन्छ ।

घ. तिहारलाई दिपावली पनि भनिन्छ ।

**२. तल दिइएको प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क. दशैंको कुन दिन जमरा राखिन्छ ?

..........................................................................

..........................................................................

ख. तिहार कति दिन सम्म मनाईन्छ ?

..........................................................................

..........................................................................


ग. बुद्ध जयन्ती कहिले मनाइन्छ ?

..........................................................................

..........................................................................

## परियोजना कार्य

तल दिइएको चित्र पुरा गर्नुहोस्, रंग भर्नुहोस्  र के गरिरहेको चित्र हो चित्रको तल लेख्नुहोस् ।



# पाठ-२ः लोक बाजामा नाचौं र गाऔं

नमस्ते साथीहरु, हेर त, आज हामी रमाईलो गर्ने सोचेका छौँ । आज हामी लोक बाजाको बारेमा बुझौं है त ।

## मादल



मादल नेपालको एक प्रसिद्ध र पुरानो बाजा हो । यो नेपाली समाजको मुख्य बाजा हो । यसलाई दुई हातले पिटेर बजाइन्छ ।

## बाँसुरी

बाँसुरी एक प्रकारको हाम्रो गाउँघरमा बजाइने लोक बाजा हो । यो मुरलीजस्तै तर तेर्सो पारी दाहिने कुमतिर फर्काएर बजाइन्छ । बाँसुरीबाट सुमधुर धुन निस्किने गर्छ ।



## झ्याली



झ्याली काँस धातुबाट बनेको एक प्रकारको बाजा हो । यसमा काँसका दुईवटा थाल जस्तै देखिने गोलाकार आकृति हुन्छन् । यिनलाई एक आपसमा जुधाएर ताल दिने गरिन्छ ।

## मुरली



मुरली एक प्रकारको बाजा हो । यो बाजा मुरली बाँसबाट बनाईन्छ । यो हाम्रो गाउँघरको प्रिय बाजा हो ।

## सारङ्गी



सारङ्गी नेपालको एक लोक बाजा हो । सारङ्गी एकतारे बाजा जस्तै हुन्छ । सारङ्गी रेट्दा च्याइँच्याइँ आवाज आउँछ । गाउँघर मा गाइने लोकगीतहरुमा सारङ्गी महत्वपूर्ण बाजा हो ।

साथीहरु, अब हामी पञ्चेबाजा चिनौं है । अनि यिनीहरु कहिले र कहाँ बजाइन्छ पालैपालो भन्नुहोस् है ।



नरसिंहा



झ्याली



सहनाई



दमाहा




ट्याम्को

**शिक्षण निर्देशनः** विद्यार्थीहरुलाई स्थानीय क्षेत्रमा बजाइने विभिन्न लोकबाजाहरु प्रत्यक्ष रुपमा देखाउनुहोस् र केही बाजाहरु बजाउने अभ्यास समेत गराउनुहोस् । पञ्चेबाजाको बारेमा जानकारी दिनुहोस् र पञ्चेबाजाको प्रयोगबारे बताईदिनु होस् ।

# अभ्यास

## १. तल दिइएको बाजाहरुको नाम लेख्नुहोस् ।

| | |
|---|---|
|  |  |
| | |
|  |  |
| | |
|  |  |
| | |

**२. तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क. मादललाई कसरी बजाउनु पर्छ ?

.................................................................................

.................................................................................

ख. झ्यालीले कसरी ताल दिने गर्छ ?

.................................................................................

.................................................................................

ग. मुरली के बाट बनाइन्छ ?

.................................................................................

.................................................................................

घ. पाठमा दिएको मध्ये तपाईँलाई सबभन्दा कुन बाजा मन पर्छ र किन ?

.................................................................................

.................................................................................

ङ) कुनै पाँचवटा लोक बाजाहरुको नाम लेख्नुहोस् ।

.................................................................................

.................................................................................

## परियोजना कार्य

आफुलाई मनपर्ने कुनै एक लोकबाजाको चित्र बनाएर रङ्ग भर्नुहोस् र त्यसलाई कसरी बजाइन्छ त्यो पनि लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ-१ : हाम्रा धार्मिक र ऐतिहासिक स्थलहरू

नमस्ते साथीहरु ! आज हामी धार्मिक र ऐतिहासिक स्थलहरुको बारेमा पढौं र बुझौं है त । हाम्रो भानु नगर पालिकामा धेरै धार्मिक र ऐतिहासिक स्थलहरु छन् । जस्तैः मन्दिर, गुम्वा, चर्च र मस्जिद । अब हामी तलको फोटो हेर्दै बुझौं है त ।

यो फोटोमा देखाइएको थानीमाई मन्दिर हो । यो हाम्रो भानु नगरपालिका को एक प्रसिद्ध मन्दिर हो । यो मन्दिरमा मंगलवारको दिनमा फूलको डोली चढाउने चलन छ। पुजाको सामग्रीहरुमा विशेषतः फूल, अक्षता, तोरण, धागो, रोटी, तिलहरी, पाउजु, सुन तथा सिंगो नरिवल समावेश गरिन्छ ।





यो फोटोमा देखाइएको ओखल पानी देवीस्थान हो। यहाँ देवीको पुजा गरिन्छ। यो एउटा पानीको स्रोत पनि हो। यो भानु नगरपालिकाको वडा नम्बर १२ मा पर्छ।



यो फोटोमा देखाइएको मैवलकोट कालिकाको मन्दिर हो। यो भानु नगर-पालिकाको वडा नम्बर ५ रहेको छ। यहाँ भगवान कालिकाको पुजा गरिन्छ।



यो पञ्चायन मन्दिर हो। यो भानु नगरपालिकाको वडा नम्बर १० रामपुरटारमा रहेको छ। यहाँ मानिसहरु पूजा गर्न जान्छन् ।



यो फोटोमा देखाईएको एक गुम्वा हो । यो बौद्ध धर्म मान्नेहरुको धार्मिक स्थल हो ।



यो फोटोमा देखाइएको एक चर्च हो । यो क्रिश्चियन धर्म मान्ने हरुको धार्मिक स्थल हो ।

यो फोटोमा देखाइएको मस्जिद हो । यो मुस्लिम धर्म मान्नेहरुको धार्मिक स्थल हो । यो भानु नगर पालिकाको वडा नम्बर १३ समजूरमा रहेको छ । यसलाई दरगाह जामे मस्जिद भनिन्छ । भानु नगरपालिकाका अन्य स्थानहरुमा पनि यस्ता मस्जिदहरु रहेका छन् ।





माथि दिइएका बाहेक पनि हाम्रो भानु नगरपालिका भित्र धेरैवटा धार्मिक तथा एतिहासिक स्थलहरु छन् । बाल लहरी मन्दिर, मुक्तेश्वर महादेव, सत्तलघाट, भानुभक्तको जन्मस्थल शिखर कटेरी आदि पनि यहाँका धार्मिक तथा ऐतिहासिक स्थल हुन् ।

**शिक्षण निर्देशन:** आफ्नो बस्ती तथा विद्यालय वरपर रहेका धार्मिक तथा स्थलहरुको सूची बनाएर विद्यार्थीहरुमाझ प्रस्तुत गर्नुहोस् । आफ्नो धर्म अनुसार धार्मिक स्थलहरुको नाम र त्यसको महत्व बताईदिनुहोस् । स्थानीय धार्मिक स्थलको अवलोकन भ्रमण गराउनुहोस् ।

## अभ्यास

**१. तल दिइएका धार्मिक स्थलहरुको नाम र ठेगाना लेख्नुहोस् ।**

| | | |
|---|---|---|
|  |  |  |
| | | |

**२. तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क. देवीस्थानमा कसको पुजा गरिन्छ ?

.....................................................................

२. गुम्वामा कसको पुजा गरिन्छ ?

.....................................................................

३. चर्च कुन धर्म मान्नेहरुको धार्मिक स्थल हो ?

.....................................................................

४. मस्जिद कुन धर्मावलम्वीहरुको धार्मिक स्थल हो ?

.....................................................................

## परियोजना कार्य

तपाईंको घर नजिकै रहेको धार्मिक स्थलको भ्रमण गर्नुहोस् र त्यसको महत्व, त्यहाँ कुन भगवानको पुजा हुन्छ भन्ने बारेमा कक्षामा चित्र सहित बताउनुहोस् ।

# पाठ-२ः हाम्रा सार्वजनिक ठाउँहरू

राजुः ओहो साथी आज कति घाम लागेको है !

श्यामः हो राजु, आज त धेरै नै गर्मी छ ।



राजुः आउ गएर ऊ त्यो चौतारीको छहारीमा गएर बसौँ ।

श्यामः ठीक कुरा गऱ्यौ, तर मलाई धेरै नै पानी प्यास लागिरहेको छ ।

राजुः चिन्ता नगर, त्यहि चौतारीसँगै हाम्रो सार्वजनिक धारा पनि छ ।



अर्चल धारा

श्यामः ल छिटो जाउँ त्यसो भए ।

राजुः त्यसपछि आज हामी हाम्रो ठाउँको सबै सार्वजनिक स्थलहरु जाऔं है ।

श्यामः हुन्छ ।

राजु: पहिला हामी भन्सार खेल मैदान जाउँ अनि त्यहाँ केहि खेल खेलौंला ।



श्याम: तिमीले मलाई हाम्रा सबै सार्वजनिक स्थलहरु चिनाईदेउ है । मैले त चिनेको नै छैन ।

राजु: हुन्छ, म चिनाईदिन्छु नी...... !

राजु: यो बयापानीको भ्युटावर हो । यहाँ मानिसहरु घुम्न आउँछन् । यहाँबाट दृष्य हेर्न सकिन्छ ।



बयापानी भ्यूटावर

राजु: हामी कुनै दिन नेमुनी पार्क पनि घुम्न जाऔं है ।

श्याम: हुन्छ नी ।

राजु: यो चुँदी फाँट हो । यो रमाइलो फाँट छ । यहाँ चुँदी खोला सहित धरै ठाउँहरु देख्न सकिन्छ । यो क्षेत्र कृषि उत्पादनका लागि पनि प्रख्यात छ ।



चुँदी फाँट

राजु: यो पुर्कोट बाइस जङ्घार हो । यो ठाउँमा पुग्न बाइस पटक जङ्घार वा खोला तर्नु पर्ने भएकोले यसको नाम बाइस जङ्घार राखिएको अरे ।



हाम्रो नगरपालिका भित्र यी बाहेक पनि विभिन्न सार्वजनिक ठाउँहरु छन् । जस्तै: शहिद पार्क, कुसुन्डे पार्क, चेपेघाट, नेमुनी पार्क, थानीमाई आदि ।



बाटोघाटो, पुल, कुवा आदि पनि सार्वजनिक वस्तुहरु हुन् । यी सार्वजनिक स्थलहरुको हामी सबै मिलेर संरक्षण गर्नुपर्छ ।

**शिक्षण निर्देशन: विद्यार्थीहरुलाई पाठमा दिएको बाहेक अन्य सार्वजनिक स्थलहरुको नाम र तिनीहरुको विशेषताको बारेमा जानकारी दिनुहोस् । स्थानीय सार्वजनिक स्थलहरुको भ्रमण गराउनुहोस् र तिनीहरुको महत्व बताईदिनुहोस् ।**

## अभ्यास

**१. तल दिइएका चित्रहरु चिनेर उक्त ठाउँहरुको नाम लेख्नुहोस् ।**

| | | |
|---|---|---|
|  |  |  |
| | | |

**२. तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क. राजु र श्याम पहिला कुन सार्वजनिक स्थल गएका थिए ?

..............................................................................

ख. राजु र श्याम गएको भ्युटावर कुन हो ?

..............................................................................

ग. राजु र श्याम घुम्न जाने भनेको पार्कहरुको नाम के के थियो ?

..............................................................................

घ. आफ्नो विद्यालय तथा घर वरिपरी भएका सार्वजनिक स्थलहरुको सूची बनाउनुहोस् ।

...................................................................................

...................................................................................

...................................................................................

**परियोजना कार्य**

तपाईको घर नजिकै भएको कुनै एक सार्वजनिक स्थलको चित्र बनाएर रङ्ग भर्नुहोस् र छोटो परिचय सहित लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ-१: हामीले खाने फलफुल तथा तरकारीहरू

हाम्रो भानु नगरपालिकाका विभिन्न ठाउँमा धेरै प्रकारका तरकारी र अन्नबालीको खेती गरिन्छ। हाम्रो गाउँघरमा ठाउँ र मौसम अनुसार विभिन्न अन्नबाली, तरकारी र फलफूल जस्तैः धान, मकै, कोदो, गहुँ, आलु, प्याज, काउली, बन्दा, आँप, लिची, मेवा, केरा, आदिको खेति गरिन्छ।



मकै



धान

हाम्रो गाउँघरमा खेति गरिने विभिन्न प्रकारका फलफूल, तरकारी र अन्नबालीहरुको विभिन्न फाइदाहरु छन्। हामीले सबै तरकारी र फलफूल ताजा खानुपर्छ। हामीले ताजा खानेकुरा नखाएमा हामीलाई झाडा पखाला लाग्न सक्छ।



साग



रुख कटहर

अन्न बाली र तरकारीको धेरै फाइदाहरु छन् । यसले हामीलाई खानेकुरा दिन्छ । हाम्रो शरीरलाई चाहिने पोषण पुऱ्याउँछ । हाम्रो दिमागलाई तेजिलो बनाउँछ । तरकारीले हाम्रो आँखा तेजिलो बनाउँछ ।



लिची



काफल

अन्न बाली र तरकारी जस्तै हामीले रोप्ने फलफूलहरुको पनि धेरै फाइदाहरु छन् । फलफूलले हाम्रो रोगसँग लड्ने क्षमता बढाउँछ । विभिन्न रोगहरुबाट



बचाउँछ । फलफूलले हाम्रो पाचन शक्तिमा सुधार ल्याउँछ । त्यसैले हामीले खाने स्थानीय खानेकुराहरु महत्वपूर्ण छन् ।

**शिक्षण निर्देशन:** **विद्यार्थीहरुलाई आफ्नो गाउँघरमा पाईने विभिन्न तरकारी तथा फलफुलहरुको नाम र तिनको फाइदाको बारेमा जानकारी दिनुहोस् । विभिन्न बालीनालीहरु प्रत्यक्ष देखाई चिनाईदिनुहोस् । स्थानीय क्षेत्रमा पाइने विभिन्न फलफूलहरु खान प्रेरित गर्नुहोस् ।**

## अभ्यास

**१. तलका वाक्य पढेर ठीक भए ठीक र बेठीक भए बेठीक लेख्नुहोस् ।**

क) हाम्रो गाउँ घरमा पाईने फलफूल, तरकारी र अन्न बालीहरुको फाइदाहरु छैन । ( )

ख) हामीले सबै तरकारी र फलफूल ताजा खानुपर्छ । ( )

ग) हामीले ताजा फलफूल खाएमा झाडा पखाला लाग्छ । ( )

घ) तरकारीले शरीरलाई चाहिने पोषण पुऱ्याउन सहयोग गर्छ । ( )

ङ) हाम्रो भानु नगरपालिकाका गाउँघरमा कुनै पनि फलफूलका बोट छैनन् । ( )

**२. तलको प्रश्नको उत्तर दिनुहोस् ।**

क) हामीले कस्तो तरकारी, फलफूल खानुपर्छ ?

.................................................................

.................................................................

ख) कस्तो खानेकुरा खायो भने झाडा पखाला लाग्छ ?

.................................................................

.................................................................

ग) तपाईको आफ्नो गाउँघरमा पाइने तरकारी र फलफूलको २-२ वटा नाम लेख्नुहोस् ।

.................................................................

.................................................................

घ) हामीलाई फलफूल र तरकारीबाट हुने कुनै २ वटा फाईदाहरु लेख्नुहोस् ।

.................................................................

.................................................................

ङ) आफ्नो अभिभावकलाई सोधेर हिउँदमा उत्पादन हुने कुनै २ वटा तरकारी बालीको नाम लेख्नुहोस् ।

.................................................................

.................................................................

च) तपाईलाई मनपर्ने फलफूलहरुको सूची बनाउनुहोस् ।

.................................................................

.................................................................

**परियोजना कार्य**

क) तल दिइएको रूखमा रङ्ग भर्नुहोस् ।

ख) आफूलाई मन पर्ने कुनै एक फलफूलको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।



# पाठ-२ : हाम्रा कृषि औजारहरू

विद्यालय हिउँदे बिदा भएको समयमा राम आफ्नो मामाघर गए । उनले आफ्नो मामाघर जादाँ आफ्नो मामाले कृषिको औजारहरु प्रयोग गरिरहेको देखे । उनले आफ्नो मामालाई यी औजारहरु के काममा प्रयोग हुन्छ भनेर प्रश्न सोध्ने र जान्ने बिचार गरे । त्यसैले यहाँ हामीले राम र उनको मामा बीचको कुराकानी पढ्ने छौं ।

रामः नमस्कार मामा ! सन्चै हुनुहुन्छ ?

मामाः (नमस्कार) सन्चै छु भान्जा । तिमीलाई कस्तो छ ?

रामः म नि सन्चै छु मामा । ओहो ! मामा यो औजारहरु के को लागि होला मामा ? त्यो औजारहरु के-के काममा प्रयोग हुन्छ ?

मामाः यो औजारहरु कृषिमा बोटबिरुवा उमार्ने कामलाई सजिलो गराउन प्रयोग हुन्छ नि । कृषिमा धेरै प्रकारका औजारहरु प्रयोग हुन्छ । जस्तैः खुर्पी, कुटो, कोदालो, हँसिया, हलो, आदि प्रयोग गरिन्छ र सबैको फरक-फरक उपयोग छ ।



रामः यो औजारहरुको उपयोग के हो मामा ?

मामाः यो खुर्पी साना प्वालहरू खन्न र गोडमेल गर्नका लागि प्रयोग गरिन्छ ।

यो कुटो हो । कुटोको प्रयोग माटोलाई आकार दिन र झार पात हटाउन गर्ने गरिन्छ । कुटोले खन्ने काम पनि गरिन्छ ।



रामः अनि, कोदालो के गर्न प्रयोग गरिन्छ नी मामा ?



मामाः कोदालो खेतबारी खन्न, खाल्डोहरु खन्न प्रयोग गरिन्छ । यो फलामबाट बनाइएको हुन्छ। यसको बींड काठको हुन्छ ।




रामः हँसिया र हलोको किन प्रयोग हुन्छ मामा ?

मामाः तरकारी, बाली र घाँस काट्नमा हँसियाको प्रयोग गरिन्छ ।

हलो खेतबारी जोत्न प्रयोग गरिन्छ। हलो जुवा उपयोग गरी

गोरु वा राँगा प्रयोग गरी खेतबारी जोत्ने गरिन्छ ।



यो हाते ट्र्याक्टर हो । यसले खेत जोत्न, रोप्न, बिषादी छर्किन, बाली काट्नमा प्रयोग गरिन्छ । यो कृषिमा उपयोग हुने आधुनिक औजार हो ।



यो विभिन्न अन्नबालीहरु पाके पछि उपयोगमा आउने एउटा आधुनिक कृषि औजार हो । यसको नाम थ्रेसर मेसिन हो । यसले पाकेको बाली जस्तैः धान, गहुँलाई काट्ने, बोट र बालीलाई अलग गर्ने काममा सहयोग गर्छ ।



**शिक्षण निर्देशनः भानु नगरपालिका क्षेत्रमा कृषि कार्यमा उपयोग हुने विभिन्न औजारहरुको खोजी गरी प्रत्यक्ष रुपमा विद्यार्थीहरुलाई देखाई दिनुहोस् । तिनीहरुको उपयोगबारे बतादिनुहोस् । विद्यार्थीहरुलाई आधुनिक कृषि औजारहरुको बारेमा थप जानकारी दिनुहोस् र तिनीहरुको प्रयोगबारे पनि बताईदिनुहोस् ।**

## अभ्यास

**१. तल दिइएका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

क) ............. साना प्वालहरू खन्ने र गोडमेल गर्नका लागि प्रयोग गरिन्छ । (खुर्पी/हलो)

ख) कुटोको प्रयोग ..................लाई आकार दिन प्रयोग गरिन्छ । (माटो/ झारपात)

ग) कोदालो ............ खन्न प्रयोग गरिन्छ । (खाडल/सिमेन्ट)

घ) तरकारी, अनाज बाली र घाँस काट्नमा .............को प्रयोग गरिन्छ । (कुटो/हँसिया)

ङ)....................माटो पल्टाउन र खेतबारी जोत्न प्रयोग गरिन्छ । (हँसिया /हलो)

**२. तल दिइएका चित्रको औजारको नाम लेख्नुहोस् ।**







**३. तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) कृषि गर्दा के-के औजारहरु प्रयोग गरिन्छ ?

..........................................................................

..........................................................................

ख) खुर्पी, कुटो, कोदालो, हँसिया र हलो कसरी उपयोग गरिन्छ लेख्नुहोस् ।

..........................................................................

..........................................................................

ग) थ्रेसरले के काम गर्छ ?

..........................................................................

..........................................................................

घ) तपाईको ठाउँमा कृषकहरुले उपयोग गर्ने कुनै ४ वटा कृषि औजारहरुको नाम लेख्नुहोस् ।

..........................................................................

..........................................................................

ङ) कुनै २ वटा आधुनिक कृषि औजारहरुको नाम लेख्नुहोस् ।

..........................................................................

..........................................................................

**परियोजना कार्य**

आफ्नो घरमा भएको कृषि औजारको चित्र बनाएर रङ्ग लगाउनुहोस् र कक्षामा साथीहरुलाई देखाउनुहोस् ।

एकाइ छ

# पेशा, व्यवसाय र प्रविधि

## पाठ-१ः हाम्रो पेशा र व्यवसायहरू



सुजन स्थानीय विद्यालयमा कक्षा दुईमा पढ्छन् । एकदिन विद्यालय जाँदै गर्दा उनले आफ्नी काकीलाई बाटोमा भेट्छन् । सुजनले काकीलाई कता जान लाग्नुभयो भनेर सोध्छन् । काकीले आफ्नो पेशा गर्न हिँडेको भन्नुहुन्छ । काकी र सुजन बीचको संवाद तल दिइएको छ ।

सुजन: नमस्ते काकी, टाढै जान लाग्नु भयो ?

काकी : नमस्ते सुजन, म आफ्नो काममा जान हिँडेको नी ।

सुजन: कस्तो काम हो काकी ?

काकी: काम भन्नाले मैले गर्ने पेशामा जान लागेको भनेको हो ।

सुजनः पेशा भनेका चाहिँ के हो काकी ?

काकी : पेशा भनेको काम हो। जुन काम गरेबापत पैसा आर्जन गर्न सकिन्छ। मेरो पेशा चाहिँ शिक्षक हो। म तिमीहरु जस्तो विद्यार्थीलाई पढाउँछु।



सुजनः हो र ! मेरी आमा पनि शिक्षक हुनुहुन्छ त ?

काकी : होइन पेशा फरक फरक हुन्छ। तिम्रो आमाको चाहिँ लुगा सिलाउने हो। उहाँले मानिसहरुको लुगा सिलाएर सेवा दिनुहुन्छ।



सुजनः अनि हाम्रो छिमेकी काकाको पेशा चाहिँ के हो नी ?

काकी : उहाँ चाहिँ खेती गर्नु हुन्छ। उहाँको खेतीले हामीहरुलाई खान पुग्छ। उहाँले मानिसहरुलाई अन्न, खाना उब्जाएर सेवा प्रदान गर्नुहुन्छ।



सुजनः अनि मेरो बुवा चाहिँ ?



काकी : तिम्रो बुवाले गाडी चलाउनु हुन्छ, उहाँले मानिसहरुलाई एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउन र सामान ओसार पसार गर्न  मद्दत गर्नु हुन्छ ।

सुजनः हो र त्यसो भए कुन पेशा सबै भन्दा राम्रो हुन्छ त ?

काकी : पेशा ठुलो सानो हुँदैन । पेशा गरेर हामीले अरुलाई सेवा प्रदान गर्ने हो र त्यसबाट आय आर्जन गर्ने हो । त्यसैले जुन पेशा गरे पनि फरक पर्दैन ।

सुजनः म त ठूलो भएपछि आकासमा हवाइजहाज उडाउने हो । म त पाइलट बन्छु ।



काकी : स्याबास्, त्यसको लागी खुब मिहेनत गरेर पढ्नु पर्छ है । मलाई ढिला हुन लग्यो म जान्छु है ।

सुजनः हवस, नमस्ते काकी ।

काकी : नमस्कार सुजन । फेरी भेटौंला ।

**शिक्षण निर्देशनः** **विद्यार्थीहरुलाई  आफ्नो परिवारका सदस्य र टोलका छिमेकीहरुले के के पेशा गर्नुहुन्छ लेख्न लगाउनुहोस् । भानु नगरपालिका क्षेत्रमा गरिने विभिन्न पेशा व्यवसाय बारे  बताईदिनुहोस् ।**

# अभ्यास

## १. तल दिइएका पेशाहरुको नाम लेख्नुहोस् ।

| | | |
|---|---|---|
|  |  |  |
| .................... | ........................ | ....................... |
|  |  |  |
| .................... | .................... | .................... |
|  |  |  |
| .................... | .................... | .................... |

**२. तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) सुजनको बुवा-आमा के पेशा गर्नु हुन्छ ?

.................................................................

.................................................................

ख) तपाईलाई कुन पेशा गर्न रमाईलो हुन्छ जस्तो लाग्छ ?

.................................................................

.................................................................

ग) भोलि पर्सी ठूलो मान्छे भए पछि तपाईलाई कुन पेशा गर्न मन लागेको छ ?

.................................................................

.................................................................

घ) पेशा भनेको के हो ?

.................................................................

.................................................................

ङ) तपाईको बस्ती वरपर बस्ने मानिसहरुले गर्ने पेशाहरुको सूची बनाउनुहोस् ।

.................................................................

.................................................................

**परियोजना कार्य**

बुवा-आमाको मद्दत मागेर आफ्नो परिवार, छरछिमेक र आफन्तहरुको पेशाहरुको सूची बनाएर गुरुआमालाई देखाउनुहोस् । केहि उदाहरणहरु दिइएका छन् । यसका साथै कुनै एक पेशा गरिरहेको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| **नाम** | **पेशा** |
|---|---|
| बुवा | चालक |
| आमा | कृषि व्यवसाय |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

# पाठ-१: स्थानीय वन्यजन्तु

भाइबहिनीहरु ! तल दिइएको चित्र हेर्नुहोस् । यी जनावरहरू वनमा पाइन्छन् । यस्ता जनावरहरूलाई वन्यजन्तु वा जङ्गली जनावर भनिन्छ । हाम्रो भानु नगरपालिकाका वन र वरपर धेरै प्रकारका वन्यजन्तुहरु पाइन्छन् ।


चितुवा

मेरो नाम चितुवा हो । म मांसाहारी हुँ । मेरो दाँतहरु बलियो छन् । साथै, म सँग शक्तिशाली पञ्जाहरू छन् ।

मेरो नाम स्याल हो । म मांसाहारी हुँ । मेरो नाक र कान चुच्चो र पुच्छर मोटो हुन्छ । मलाई चलाख जनावर पनि भनिन्छ ।


स्याल

म बँदेल हुँ । मलाई जंगली सुँगुर पनि भन्दछन् । म कालो या खैरो रङ्गको हुन्छु ।





म बाँदर हुँ । म अलि चकचके स्वभावको छु । मेरो पुच्छर लामो हुन्छ । म रुखमा बस्न मन पराउँछु ।

म डाङ्ग्रे हुँ । म सानो आकारको हुन्छु । मेरो चुच्चो पहेंलो रङ्गको हुन्छ ।





म भंगेरा हु । मेरो आकार सानो हुन्छ । म मकै, गहुँको दाना आदि खान्छु ।

**शिक्षण निर्देशन:** नजिकको वन तथा आफ्नो वरपर पाईने वा देखिने वन्यजन्तुको सूची तयार पारी फोटो सहित चिनाई दिनुहोस् । स्थानीय जनावरहरुको नाम टिप्न लगाउनुहोस र कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

**१. तल दिइएका जनावरहरु मध्ये जंगली जनावर छानी तल टेबलमा नाम लेख्नुहोस् ।**

| |
|---|
| घोडा, कुकुर, गाई, बाघ, हात्ती, खरायो, स्याल, भैंसी, बाख्रा, चितुवा, मृग, बँदेल बाँदर, सुंगुर, सिंह |

| जंगली जनावर |
|---|
| |

**२. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) तपाईको वस्ती वरपर तथा नजिकको वनमा पाईने कुनै तीनवटा चरा र तीनवटा वन्यजन्तुको नाम लेख्नुहोस् ।

.......................................................................

.......................................................................

.......................................................................

ख) चितुवाको छोटो परिचय लेख्नुहोस् ।

.......................................................................

.......................................................................

.......................................................................

.....................................

ग) भंगेराले के खान्छ ?

.......................................................................

.......................................................................

घ) बँदेल कस्तो हुन्छ ?

.......................................................................

.......................................................................

**३. तलका वाक्य पढेर ठीक भए (✓) र बेठीक भए (✗) चिन्ह लेख्नुहोस् ।**

क. डाङ्ग्रेको चुच्चो पहेंलो रङ्गको हुन्छ । ( )

ख. चितुवा शाकाहारी प्राणी हो । ( )

ग. स्याल चलाख हुन्छ । ( )

घ. भंगेराले मकै, गहुँको दाना खान्छ । ( )

**परियोजना कार्य**

आफुले अहिले सम्म देखेको कुनै एउटा जंगली जनावरको चित्र कोर्नुहोस् र मन पर्ने रङ्ग भर्नुहोस् । अविभावकको सहयोगमा चित्रको मुनि उक्त जनावरको छोटो परिचय समेत लेखेर कक्षामा साथीहरुलाई सुनाउनुहोस् ।

# पाठ-२ : स्थानीय बोटविरूवा

साथीहरु, तल दिइएको चित्र हेर्नुहोस् । यी बोट बिरुवा हाम्रो भानु नगरपालिकामा पाइन्छन् ।



यो आँपको रुख हो । आँपको रुख ठुलो हुन्छ । आँपको रुखले ठुलो, ताजा र मिठो आँपको फल दिन्छ । आँप सबैलाई मन पर्छ ।



यो पिपलको रुख हो । यो नेपाली संस्कृति र धार्मिक परम्परा अनुसार पनि महत्वपूर्ण मानिन्छ । यसले शितल छहारी, वनस्पतिक उपचार, ध्यान र मानसिक शान्त आदि जस्ता विभिन्न गुणहरू प्रदान गर्दछ ।





सल्लाको रुख अग्लो हुन्छ। सल्लाको रुखको पातहरु मसिनो हुन्छ। यो रुख काठ, दाउराका लागि उपयोगी छ।



क ट ु स क ो
रुखमा साना साना काँडा हुन्छन्। यो रुखले कटुस भन्ने मिठो फल दिन्छ।

वरको रुख ठुलो हुन्छ। यो रुख हिन्दुहरुका लागि मह(
त्वपूर्ण छ। पूजा गर्ने बेलामा, शितल छहारीका लागि वरको प्रयोग हुन्छ। ने
पाली संस्कृति र धार्मिक पर
म्परा अनुसार चौतारीमा वर र पिपल सँगै रोप्ने गरिन्छ।



अमलाको रुख भि(
टामिन सी को एक स्रो
त पनि हो। यो रुखको औषधिको लागि पनि उपयो
गी हुन्छ। यो रुखबाट फाल्ने फल मीठो पनि हुन्छ।

फरक फरक प्रकारका बिरुवाहरुको पात, हाँगा, आकार, फूल आदि फरक फरक किसिमको हुन्छ । जस्तैः कुनै बिरुवाको पात सानो हुन्छ भने कुनै विरुवाको पात ठुलो हुन्छ ।

साधारणतया विरुवाका जरा, काण्ड, हाँगा, पात, फल, फूल आदि भागहरु रहेका हुन्छन् ।

हाम्रो भानु नगरपालिकामा यी बाहेक पनि अन्य धेरै प्रकारका बिरुवाहरु पाइन्छ । सबै प्रकारका विरुवाहरुको आफ्नै महत्व हुन्छ । त्यसैले हामीले बोटविरुवाहरुको संरक्षण गर्नुपर्छ ।

**शिक्षण निर्देशन : विद्यार्थीहरुलाई आफ्नो वरपर पाइने बोट विरुवाको नाम टिप्न लगाउनुहोस्, त्यसका फाइदा र प्रयोगको बारेमा कक्षाकोठामा छलफल गर्नुहोस् । स्थानीय क्षेत्रमा पाइने विभिन्न बोटविरुवा चिनाईदिनुहोस् ।**

## अभ्यास

**१. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

क) आँपको ................. मीठो हुन्छ । (फल/जरा)

ख) हिन्दू धर्म मान्ने मानिसले.........को पूजा गर्छन् ।
(सिस्नो/पिपल)

ग) ..........बाट हामीले भिटामिन सी पाउँछौं ।
(मकै/अमला)

घ) सल्लो......का लागि उपयोग गरिन्छ ।

(काठ/फल खान)

**२. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क. अमलाको रुखको कुनै २ ओटा फाइदा लेख्नुहोस् ।

.........................................................................

.........................................................................

ख. तपाईंको घर नजिकै पाइने कुनै ५ वटा बोटविरुवाको नाम लेख्नुहोस् ।

.........................................................................

.........................................................................

ग) वर पिपल रुखको छोटो परिचय दिनुहोस् ।

.............................................................................

.............................................................................

.............................................................................

घ) हामीले कटुसबाट के पाउँछौं ?

.............................................................................

.............................................................................

**परियोजना कार्य**

विद्यालय नजिकै पाईने कुनै एउटा रुख र एउटा फूलको बोटको चित्र बनाई त्यसबाट हामीलाई भएका फाईदाहरु समेत लेखेर साथीहरुमाझ प्रस्तुत गर्नुहोस् ।

# पाठ-३ : हाम्रा सार्वजनिक सम्पदा

हामी सबैले उपयोग गर्न पाउने साझा सम्पतिलाई सार्वजनिक सम्पदा भनिन्छ । सडक, पार्क, विद्यालय, अस्पताल, आदि हाम्रा सार्वजनिक सम्पदा हुन् । भानु नगरपालिका क्षेत्रमा पनि धेरैवटा सार्वजनिक सम्पदाहरु छन् । ती मध्ये केहीका बारेमा आज हामी चर्चा गर्ने छौं ।

**कुवा**

कुवा भन्नाले वर्ष भरिनै पानी जम्मा भइरहने एक स्वरूपलाई बुझिन्छ । गाउँघरमा कुवा पानीको एक प्रमुख स्रोत हो ।



**झरना**

झरना एक जलस्रोत हो । सामान्य रूपमा झरनालाई प्राकृतिक सुन्दरताको रूपमा हेर्ने गरिन्छ । प्राकृतिक रूपमा भौगोलिक बनावटका कारणले नदी माथिबाट तल झर्नुलाई नै झरना भनिन्छ ।



## वन

वन हाम्रो महत्वपूर्ण सम्पदा हो । वनमा रुख विरुवा हुन्छन् । वन विभिन्न वन्यजन्तुहरुको बासस्थान पनि हो ।




## खोला

विभिन्न स्रोतबाट उत्पन्न हुने पानी बग्ने क्षेत्र वा ठाउँलाई खोला भनिन्छ । खोला बिभिन्न प्रकारका हुन्छन् । कुनै साना हुन्छन् भने कुनै ठुला खोला हुन्छन् । हाम्रो भानु नगरपालिकामा पर्ने साना ठुला धेरै वटा खोलानाला रहेका छन् । चुँदी खोला, चिती खोला, ठोकुवा खोला, भोर्ले खोला, चेपेखोला



पाउँदी खोला, फाउँदी खोला आदि यहाँका खोलानालाहरु हुन् ।

**धारा**



धारा गाउँघरमा पानी थाप्न जाने ठाउँ हो । धारामा मानिसहरु पिउने पानी लिनका साथ साथै लुगा धुन नुहाउन पनि जाने गर्छन । अर्चल धारा, चोक चिसापानी धारा, रानीपानी धाराहरु हाम्रो भानु नगर पालिकामा प्रसिद्ध छन् ।

**शिक्षण निर्देशन:** **भानु नगरपालिकामा पर्ने नजिकैको कुनै एउटा प्राकृतिक वा सार्वजनिक सम्पदा लगेर विद्यार्थीहरुलाई उक्त सम्पदाको चित्र कोर्न लगाई र त्यसबारेमा लेख्न लगाउनुहोस् । स्थानीय क्षेत्रमा भएका सार्वजनिक स्थानहरुको सूची बनाई प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

**१. खाली ठाउँमा मिल्ने शब्द छानेर भर्नुहोस् ।**

(घर, खोला, सार्वजनिक, चुँदीखोला)

क. विभिन्न स्रोतबाट उत्पन्न हुने पानीको प्रवाह हुने ठाउँलाई .................. भनिन्छ ।

ख. .................सार्वजनिक सम्पदा हो ।

ग. झरना एक ..................स्थल हो ।

घ.वन केही पशु पंक्षीहरुको.................. पनि हो ।

**२. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) सार्वजनिक सम्पदा भनेको के हो ?

.............................................................................

ख) भानु नगरपालिका क्षेत्रमा भएका कुनै चारवटा सार्वजनिक सम्पदा हरुको नाम र ठेगाना लेख्नुहोस्।.........................

.............................................................................

.............................................................................

ग) वनबाट हामीलाई हुने फाइदाहरु के के हुन् ?

....................................................................

....................................................................

परियोजना कार्य

आफुलाई थाहा भएका कुनै एक सार्वजनिक सम्पदाको बारेमा १-२ वाक्य लेख्नुहोस् । उक्त ठाउँको चित्र बनाई कक्षामा देखाउनुहोस् ।

# पाठ-१: हाम्रा खेलहरू

साथीहरु, आज हामी सबै जना मिलेर विभिन्न खेल खेलौं है त ! सबैभन्दा पहिला कुन खेल खेल्ने होला ? रुमाल लुकाई खेल खेलौ हुन्न त !

## रुमाल लुकाइ



रुमाल लुकाई खेल्न गोलो घेरामा बस्नु पर्दछ । एक जना विद्यार्थीले रुमाल हातमा लिएर कुद्नु पर्ने हुन्छ। कसैको पछाडि राखेर एक फन्का घुमेर आउँदा पनि त्यो विद्यार्थीले थाहा पाएन भने ऊ आउट हुन्छ ।

## चम्चा दौड



चम्चा दौडमा प्रत्येक खेलाडीलाई एक-एक वटा चम्चा र गुच्चा दिइएको हुन्छ । उनीहरुले चम्चाबाट गुच्चा नझारी सुरुवाती रेखाबाट अन्तिम बिन्दुसम्म लग्नुपर्छ ।

अब कुन खेल खेल्ने  साथीहरु ? अब डन्डीबियो, कबड्डी र डोरी नाघ्ने खेल खेलौं है त ।

**डन्डीवीयो**

डन्डीवीयो एक प्रख्यात खेल हो ।



यो खेल खेल्न डन्डी र बियो चाहिन्छ । डन्डी बियोमा करीब दुई फुट लामो काठको डन्डी र करीब ६ इन्च लामो काठकै छोटो बियो प्रयोग गरिन्छ । यो खेल मैदान, चौर, आँगन वा बाँझो खेत जहाँ पनि खेल्न सकिन्छ ।

**कबड्डी**



कबड्डी खेल खेल्दा दुईवटा टोली हुन्छ । प्रत्यक टोलीमा ७ जना खेलाडीहरु हुन्छन् । यो खेलमा दुबै समुहमा बराबर खेलाडी राखी एउटा लाइन बनाइन्छ र दुवै तिर खेलाडी गएपछि दुबै टोली मध्ये पहिला एक जना खेलाडीलाई पार

गरी कबड्डी कबड्डी भनी बिपक्षीको कोर्टमा जानपर्ने हुन्छ र बिपक्षी खेलाडीलाई छोएर आएमा, कबड्डी कबड्डी भन्दै फर्केमा छोएर आएको खेलाडी खेलबाट बाहिरिन्छ । यदि कबड्डी कबड्डी भन्न छोडेमा वा बिपक्षी खेलाडीले समातेर राखेर कबड्डी कबड्डी भन्न रोक लगाएमा त्यो खेलाडी स्वयम् खेलबाट बहिरिन्छ ।

## डोरी नाघ्ने

डोरी नाघ्ने खेलमा खेलाडीहरुले डोरी माथि बाट उफ्रिन पर्ने हुन्छ । यो खेलमा जुन खेलाडी माथि सम्म उफ्रिन सक्छ उही बिजेता हुन्छ ।




यी बाहेक गोपे लौरो, फुटबल, भलिबल, क्रिकेट जस्ता खेलहरु पनि हाम्रो ठाउँमा खेल्ने गरिन्छ । तपाईहरुलाई कुन खेल मन पऱ्यो ? साथीहरुहरुलाई सुनाउनुहोस् र खेल्न सिकाउनुहोस् है

**शिक्षण निर्देशन:** **विद्यार्थीहरुलाई आफ्नो गाउँमा खेलिने स्थानीय प्रख्यात खेलको बारेमा जानकारी दिनुहोस् र माथि उल्लेख गरिएका खेलहरु खेलाउनुहोस् ।**

## अभ्यास

### १. चित्र हेरेर तल दिइएको खेलहरुको नाम लेख्नुहोस् ।

| | | |
|---|---|---|
|  |  |  |
| ............................... | .................................... | .................................... |
|  |  |  |
| ................................. | .................................... | .................................... |

### २. तलको प्रश्नको उत्तर लेख्नुहोस् ।

क. तपाईलाई मनपर्ने कुनै १ वटा खेलको बारेमा लेख्नुहोस् ।

.............................................................................

.............................................................................

.............................................................................

..

.............................................................................

ख. रुमाल लुकाइ कसरी खेलिन्छ छोटकरीमा लेख्नुहोस् ।

.................................................................

.................................................................

.................................................................

ग. तपाईले आफ्नो विद्यालय र गाउँवस्तीमा खेल्ने खेलहरुको सूची बनाउनुहोस् ।

.................................................................

.................................................................

.................................................................

**परियोजनाको कार्य**

तल दिइएको चित्रमा रंग भर्नुहोस् र कुन खेल खेलिरहेको छ त्यस बारेमा छोटकरीमा लेख्नुहोस् ।



# पाठ-१ः प्रकोप तथा विपद् व्यवस्थापन

## बाढी र पहिरो

वर्षायाममा पानी धेरै पर्दा खोलानालामा बाढी आउँछ । त्यसरी बाढी आउँदा खोला नजिक पहिरो जान सक्छ । हाम्रा डाँडापाखाहरु, खाली र भिरालो हुँदा वर्षयाममा पहिरो जान सक्छ । यसले हाम्रो घरखेत बगाउन सक्छ ।



हामीले भिरालो जग्गामा जथाभावी खन्ने जोत्ने गर्नु हुँदैन। खेती गर्दा गह्रा बनाएर मात्र गर्नुपर्छ । खाली ठाउँहरुमा रुखविरुवा रोप्नुपर्छ । रुखविरुवाले पहिरो रोक्न मद्दत गर्छ ।



बाढी पहिरो प्राकृतिक प्रकोप पनि हो किनकि यो कहिले आउँछ थाहा हुँदैन । त्यसैले हामीले बाढी पहिरोबाट बच्न चनाखो हुनुपर्छ ।

**आगलागी**



वन तथा गाउँघरमा नराम्रो असर पुग्ने गरी ठूलो आगो लाग्नुलाई आगलागी भनिन्छ । आगलागीले गर्दा वनका बोटविरुवा, घाँसपात जलेर डढ्छ। त्यस्तै त्यहाँ बस्ने जनावर र चराहरु समेतलाई असर पर्दछ ।

गाउँघरमा आगलागी हुँदा गाईबस्तु, घर, भवन र मानिसहरुलाई समेत क्षति पुग्न सक्छ। त्यसैले हामीले जथाभावी आगो बालेर छोड्नु हुँदैन् ।

**भूकम्प**

पृथ्वीको सतह वा जमीन अचानक हल्लिनुलाई भूकम्प भनिन्छ। भूकम्प कहिले र कहाँ आउँछ भनेर निश्चित गर्न सकिँदैन। भूकम्प आउँदा सतहमा रहेका भवन, पुल, नहर, रुख विरुवा लगायत सबै संरचनाहरु हल्लिएर भासिन सक्छ। सानो



भूकम्पले धेरै असर गर्दैन तर यदि भूकम्प शक्तिशाली आएमा विद्यालय भवन, पुल, कुलो लयायतका संरचनाहरु भत्किन सक्छन् ।

भूकम्पको कारण जमिन फाट्ने, भासिने, पहिरो जस्ता समस्याहरु पनि हुन सक्छन् । भूकम्प आउँदा आत्तिएर जथाभावी दौडने हामफाल्ने गर्नुहुँदैन्। बिस्तारै खुल्ला ठाउँमा जाने प्रयास गर्नुपर्छ ।

**शिक्षण निर्देशन:** **विद्यार्थीहरुलाई स्थानीय क्षेत्रमा हुनसक्ने प्राकृतिक प्रकोपहरुको बारेमा सूची सहित जानकारी दिई विद्यार्थीहरुलाई त्यसबाट बच्ने उपायहरु पनि बताइ दिनुहोस् ।**

## अभ्यास

**१) खाली ठाँउमा मिल्ने शब्द छानेर भर्नुहोस् ।**

क) वर्षयाममा ..........................को कारण सडकमा आउनजान अप्ठ्यारो हुन्छ । (पहिरो, माछा)

ख) बाढीले खोला छेउको जमिन .................... । (काट्छ, जोगाउँछ)

ग) रुखहरुले ................रोक्न मदत गर्छ । (पानी पर्न, पहिरो जान)

घ) गाँउघरमा ...................... हुँदा धनजनको क्षति हुन सक्छ । (नाचगान, आगलागी)

ङ) हामीले जथाभावी आगो ..................। (बाल्नुहुँदैन, बाल्नुपर्छ)

**२) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) खोलामा कुन याममा बढी मात्रामा बाढी आउँछ ?

.......................................................

.......................................................

.......................................................

ख) पहिरो रोकथामका लागि हामीले गर्न सकिने दुईवटा उपायहरु लेख्नुहोस् ।

...............................................................................

...............................................................................

ग) वनमा आगो लागेमा के के लाई क्षति पुऱ्याउँछ ?

...............................................................................

...............................................................................

घ) भूकम्प भनेको के हो ?

...............................................................................

...............................................................................

## परियोजना कार्य

तपाईंको विद्यालय वा वस्ती नजिक देखिने वा हुनसक्ने विभिन्न प्रकोपहरुको सूची बनाउनुहोस् । उक्त सूची भन्दा तल बाढी पहिरो, आगलागी र भूकम्पबाट बच्ने उपायहरु ठुलो अक्षरमा चार्ट पेपरमा लेखी तपाईंको कक्षाकोठाको भित्तामा टाँस्नुहोस् ।

# पाठ-२: वन्यजन्तुको आक्रमणबाट बचौँ

टुटेपानी बस्ने श्याम तामाङ्गका दुईजना छोराहरु छन् । उनीहरु दाजुभाइ हुन् । विद्यालयबाट फर्केपछि उनीहरु सधैं विद्यालयमा भएका क्रियाकलापहरुको बारेमा छलफल गर्छन् । आज पनि उनीहरु बीच विद्यालयमा भएको अनुभवका बारेमा कुराकानी भइरहेको छ ।



दाई: भाइ ! तिम्रो आज स्कूल कस्तो भयो ?

भाइ: स्कूल त राम्रो भयो तर मेरो एउटा साथीको बाबालाई हिजो घाँस काटदा जंगली बाँदरले आक्रमण गरेको रहेछ ।

दाई: ला ! केहि ठूलो चोट त लागेन नी ?

भाइः टाउकोमा र खुट्टामा घाउ चोट लागेको छ रे ।



दाईः ओहो अनि कता हुनुहुन्छ त अहिले ?

भाइः अहिले त घरमा हुनुहुन्छ अरे ।

दाईः घरमा ? अनि उपचार गर्न जानु भयो कि जानु भएन ?

भाइः जानु भएन् रे घरमै औषधि लिनु भयो, भन्दै थियो साथीले ।



दाईः ओहो ! त्यस्तो त गर्न हुदैंन् नि । यस्तो जीवजन्तुहरुले आक्रमण गर्यो भने अस्पताल जानुपर्छ । डाक्टरकोमा जाँच गर्न जानुपर्छ ।

भाइः भोलि म स्कूल गएर भनिहाल्छु ।



दाईः ल ठिक छ । अनि अन्न बाली, खेतबारीमा त केहि भएको छैन् नी ?

भाइः अँ । मकैबाली पनि नष्ट गरेको छ ।

दाईः ओहो ! धेरै हानी पो भएको रहेछ त । हुन त आजकाल वनमा पनि खानेकुरा पाउन छाडे जीवजन्तुले, त्यहि भएर पनि आउँछन् खेतबारीमा जनावरहरु ।

भाइः त्यै भएर त हामीले वन मास्नु हुँदैन् भन्नु भएको छ हाम्रो सरले ।

दाईः सरले ठीक भन्नु भएछ । जनावरको आक्रमणबाट हामी बच्ने प्रयास पनि गर्नुपर्छ । तर साथीलाई आफ्नो बाबा लिएर छिट्टै अस्पताल जाऊ भन्नु है ।

भाइः हवस् दाई ।

**शिक्षण निर्देशनः स्थानीय क्षेत्रमा कुनै वन्यजन्तु आतंक छ भने त्यसबाट साबधानी लिन के के गर्नुपर्छ विद्यार्थीहरुलाई बताईदिनुहोस् । स्थानीय क्षेत्रमा मानव र वन्यजन्तु बीच हुन सक्ने द्वन्द्वका कारणहरु खोजी गरी विद्यार्थीहरुलाई बताईदिनुहोस् ।**

## अभ्यास

**१) तलका वाक्य पढेर ठीक भए ठीक र बेठीक भए बेठीक लेख्नुहोस् ।**

क) साथीको बाबालाई हिजो घाँस काट्दा जंगली बाँदरले आक्रमण गरेको रहेछ । ( )

ख) जीवजन्तुहरुले आक्रमण गर्यो भने अस्पताल जानुपर्छ । ( )

ग) बाँदरले बालीनाली नष्ट गर्न सक्दैन् । ( )

घ) विषालु जीवजन्तुबाट आक्रमण गर्यो भने हामीले घरमै औषधी गर्नुपर्छ । ( )

ङ) वनमा आहारा नपाएर पनि वन्यजन्तुहरु हाम्रो बाली खान आउन सक्छन् । ( )

च) हामीले वन मास्नु पर्छ । ( )

**२) तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क) भाइको साथीको बुवालाई के ले र के गर्न जाँदा आक्रमण गरेछ ?

..............................................................

..............................................................

..............................................................

ख) वन्यजन्तुले भाइको साथीको के नष्ट गरिदिएछ ?

..............................................................

..............................................................

ग) वन्यजन्तुहरु बालीनाली खान आउनुका कुनै दुईवटा कारणहरु लेख्नुहोस् ।

..............................................................

..............................................................

घ) हामीले जनावरको आक्रमणबाट बच्न के गर्नुपर्छ ? कुनै दुईवटा उपाय लेख्नुहोस् ।

..............................................................

..............................................................

## परियोजना कार्य

तपाईको गाउँमा पनि मानिस र वन्यजन्तुबीच द्वन्द्व भएको छ की छैन भन्नेबारेमा अविभावकलाई सोध्नुहोस् । यदि त्यस्तो द्वन्द्व भएको रहेछ भने कहिले र कुन जनावरसँग भएको रहेछ भन्नेबारमा पनि खोजी गरी, उक्त जनावरको चित्र समेत बनाई कक्षामा साथीहरुलाई देखाउनुहोस् ।

# पाठ-१ः सरसफाइ र फोहोर व्यवस्थापन



कुनै पनि खेर गएको, प्रयोग गर्न नसकिने वा प्रयोग गर्न नरुचाइएको वस्तुलाई फोहोर भनिन्छ । हाम्रो वरपर देखिने फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा बाँड्न सकिन्छ। फोहोर दुई प्रकारका हुन्छन् ।

१) कुहिने फोहोर  २) नकुहिने फोहोर

**१) कुहिने फोहोरः** प्राकृतिक रुपमा आफैँ कुहिने जैविक वस्तुहरु कुहिने फोहोरमा पर्दछन् । जस्तैः भान्सावाट निस्कने फोहोर, खेरा गएको खाना, तरकारीको बोक्रा, फलफूलको बोक्रा, बगैंचा वा खेतमा उखेलिएको घाँस, पात आदि ।



**२) नकुहिने फोहोर:** फालिएका प्लास्टिक तथा धातु वा फलामबाट बनेका वस्तु जुन फेरी प्रयोगमा अउँदैन त्यस्तो फोहोरलाई नकुहिने फोहोर भनिन्छ । जस्तै: प्लास्टिक, प्रयोगमा नआएको लाइट बल्बहरू, धातु आदि । सबै प्रकारको फोहोर जथाभावी फाल्दा वातावरण प्रदूषण भई हाम्रो स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ ।




वातावरण फोहोर हुदाँ छाला सम्बन्धी रोग, झाडापखाला, आँखा पोल्ने आदि सम्भावना हुन्छ। हामीले फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याएर कुहिनेवाट कम्पोष्ट मल र नकुहिनेलाई पुन:प्रयोग वा पुन:चक्रण गरी व्यवस्थापन गर्न सकिन्छ ।




फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी श्रोतमै न्यूनीकरण गरौं ।

हाम्रो घर र विद्यालय वरपरको वातावरण सफा गर्ने बानी बसाल्नु पर्दछ । हाम्रो वातावरण सफा भएमा हामी सबै निरोगी हुन सक्छौं ।




हामीले हाम्रो वरपरको वातावरणलाई सफा र स्वच्छ बनाउन रुख विरुवा रोप्नु पर्दछ । रोपेको विरुवामा पानी राख्नुपर्दछ ।



हामीले सधैं शौचालयमा मात्रै दिसा-पिसाब गर्नुपर्छ । शौचालय गएर फर्केपछि साबुन पानीले राम्रोसँग हात धुनुपर्छ ।

सबै प्रकारको फोहोर जथाभावी फाल्दा वातावरण प्रदूषण भई हाम्रो स्वास्थयमा नराम्रो असर पर्न सक्छ । वातावरण फोहोर हुदाँ छाला सम्बन्धी रोग, झाडापखाला,



आँखा पोल्नु आदि सम्भावना हुन्छ । फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याएर कुहिनेबाट कम्पोष्ट मल र नकुहिनेलाई पुनःप्रयोग वा पुनःचक्रण गरी व्यवस्थापन गर्न सकिन्छ ।

साथीहरु हामीले पनि सरसफाई गर्ने बानी बनाउने होइन त ?

**शिक्षण निर्देशन:** **कक्षाकोठामा उत्पादन हुन सक्ने/हुने फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न सिकाई, फरक-फरक विनमा हाल्न विद्यार्थीहरुलाई प्रोत्साहित गर्दै फोहोर राख्न सिकाउनुहोस् ।**

## अभ्यास

**१) तलका वाक्यहरु पढेर ठीक बेठीक छुट्याई ठिकमा (✓) र बेठीकमा (✗) चिन्ह लगाउनुहोस् ।**

क) प्रयोग गर्न नसकिने वा प्रयोग गर्न नरुचाइएको वस्तुलाई फोहोर भनिन्छ । (    )

ख) फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा बाँड्न सकिँदैन् । (    )

ग) प्लास्टिक, प्रयोगमा नआएको लाइट बल्बहरू नकुहिने फोहोर हो । (    )

घ) भान्साबाट निस्कने फोहोर, खेरा गएको खाना, तरकारीको बोक्रा, बगैंचा वा खेतमा उखेलिएको घाँस कुहिने फोहोर हो । (    )

ङ) हाम्रो वातावरण सफा भएमा हामी निरोगी हुन सहयोग पुग्छ । (    )

**२) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) हाम्रो घर र विद्यालय बाट निस्किने फोहोर कति प्रकारका हुन्छन् ? तिनीहरुको नाम लेख्नुहोस् ।

..........................................................................

..........................................................................

ख) आफ्नो घरमा निस्कने कुहिने र नकुहिने फोहोरहरुको नाम लेख्नुहोस् ।

..........................................................................

..........................................................................

ग) हामीले हाम्रो वातावरण सफा किन राख्नुपर्छ ?

..........................................................................

..........................................................................

घ) हामीले दिसापिसाब कहाँ गर्ने बानी गर्नुपर्छ ?

..........................................................................

..........................................................................

## परियोजना कार्य

तलको चित्रमा रंग भर्नुहोस् र के गरिरहेको छ बुँदागत रुपमा लेख्नुहोस् ।



# पाठ-१ः असल बानी

समीर स्थानीय विद्यालयमा कक्षा २ मा पढ्छन् । उनी ज्ञानी र असल स्वभावका छन् । उनको असल बानी र व्यवहारले गर्दा सबैले माया गर्नुहुन्छ। समीर आफ्नो घरमा आएका छिमेकीलाई आदरका साथ नमस्कार गर्छन् । ठूला मानिसहरुसँग बोल्दा आदरार्थी शब्द प्रयोग गर्छन् । जस्तैः तपाई, हजुर आदि । आफू भन्दा सानोसँग मायाले बोल्छन् । समीर सधैं सबैजनासँग नम्र भएर बोल्छन् । समीर सधैँ शिष्टाचारयुक्त व्यवहार गर्छन् ।



समीर सबैलाई सम्मानपूर्ण व्यवहार गर्छन् । उनी कहिले पनि ठग्ने, झूटो बोल्ने गर्दैनन् ।





उनी बुढाबुढी, रोगीलाई आफूले सकेको सहयोग गर्छन् ।

समीर पढ्नमा पनि ध्यान दिन्छन् त्यसैले सधैं कक्षामा प्रथम हुन्छन्। समीर मिहिनेती पनि छन् । सबै शिक्षकहरुले उनलाई माया गर्नु हुन्छ ।





समीर साथीहरुलाई पनि मद्दत गर्छन् । त्यसैले उसलाई सबै साथीहरुले माया गर्छन् ।

समीर खाना खाइसकेपछि दिनमा दुई पटक दाँत माझ्छन् । उनको दाँत सफा र बलियो देखिन्छ ।



**शिक्षण निर्देशन:** विद्यार्थीहरुलाई चार्ट पपेरमा असल बानीहरुको सूची बनाई भित्तामा टाँस्न लगाउनुहोस् । विद्यालयमा पालना गर्नुपर्ने नियमहरुको सूची बनाई कक्षामा टाँस्न लगाउनुहोस् ।

## अभ्यास

**१) आफ्नो मिल्दो बानीमा ठीक चिन्ह लगाउनहोस् ।**

| | **राम्रा बानी** | |
|---|---|---|
| १. | म बिहान सबेरै उठ्छु । | |
| २. | म नियमित योग र व्यायाम गर्छु । | |
| ३. | म हरेक दिन पर्याप्त पानी पिउछु । | |
| ४. | म हातगोडाका नङ काट्छु र सफा राख्छु । | |
| ५. | म नियमित नुहाउँछु । | |
| ६. | म हरियो साग, तरकारी र फलफूल खान्छु । | |
| ७. | म बेलुका समयमा नै सुत्छु । | |

**२) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) तपाइलाई समीरको बानी र व्यवहार कस्तो लग्यो ?

..........................................................................

..........................................................................

ख) के समीरले जस्तै तपाई पनि दिनमा दुई पटक दाँत माभ्नुहुन्छ ?

..........................................................................

..........................................................................

ग) समीरको बानीसँग तपाइको के के बानी मिल्छ ?

..........................................................................

..........................................................................

..........................................................................

घ) तपाईका असल बानीहरुको सूची बनाउनुहोस् ।

..........................................................................


..........................................................................

..........................................................................

.......................................

**परियोजना कार्य**

कक्षामा साथीहरु मिलेर एक आपसमा आदरार्थी शब्द प्रयोग गरी संवाद गरेको अभिनय गर्नुहोस् । (यस कार्यका लागि शिक्षकले सहजीकरण गरिदिनुपर्नेछ ।)




# भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुस्रेटार, तनहुँ, गण्डकी प्रदेश, नेपाल